# माथागढी गाउँपालिकाको

## दुग्ध सामग्री अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८३

**प्रस्तावना** : दुग्ध उत्पादक किसानहरूलाई स्वच्छ दूध उत्पादनमा प्रोत्साहन गर्न र ढुवानीमा स्वच्छता कायम गर्न, दूधको गुणस्तर सुधार गर्न, किसानलाई आधुनिक प्रविधिमा सहयोग गर्न, माथागढी गाउँपालिकाले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी **"दुग्ध सामग्री अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८३"** लागु गरेको छ ।

### परिच्छेद १
### प्रारम्भिक

**१.संक्षिप्त नाम तथा प्रारम्भ :**

क) यस कार्यविधिको नाम **"दुग्ध सामग्री अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८३"** रहेको छ ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. परिभाषा :

क) "गाउँपालिका" भन्नाले माथागढी गाउँपालिका सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले माथागढी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्दछ ।

ग) "शाखा" भन्नाले पशुपन्छी विकास शाखा सम्झनुपर्दछ ।

घ) "कृषक" भन्नाले माथागढी गाउँपालिका क्षेत्रका पशुपन्छी र मत्स्य पालक कृषक सम्झनु पर्दछ ।

ङ) "कार्यविधि" भन्नाले **दुग्ध सामग्री अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८३** सम्झनु पर्दछ ।

च) "अनुदान कार्यक्रम" भन्नाले माथागढी गाउँपालिकाबाट पशुपन्छी विकास शाखा मार्फत अनुदानमा सञ्चालित कार्यक्रम सम्झनु पर्दछ ।

छ) "लागत सहभागिता" भन्नाले कृषकले बेहोर्नुपर्ने रकम वा प्रतिशत सम्झनुपर्दछ ।

ज) "कार्यालय" भन्नाले माथागढी गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ ।

झ) "वडा" भन्नाले माथागढी गाउँपालिकाका वडाहरु सम्झनु पर्दछ ।

### परिच्छेद २
### उद्धेश्य

**३) कार्यविधिको उद्धेश्य :**

क) गाउँपालिकाबाट सञ्चालन हुने पशुपालन सम्वन्धी कार्यक्रम प्रकृयालाई सरल, सहज, प्रभावकारी, पारदर्शी एवं गुणस्तरयुक्त बनाउने ।

ख) अनुदानमा आधारित कार्यक्रममा अनुदान वितरण प्रकृयालाई सरल र वैज्ञानिकयुक्त बनाई निष्पक्ष र पारदर्शी बनाउने ।

ग) लाभग्राहीहरुको छनौट प्रकृयालाई स्पष्ट र पारदर्शी बनाउने ।

### परिच्छेद ३
### सञ्चालन प्रकृया र मापदण्ड

४) कार्यक्रम संचालन प्रकृया :

अध्यक्ष

क) सूचना प्रकाशन कम्तिमा ७ दिनको म्याद दिई सार्वजनिक सूचना जारी गरिनेछ।

ख) निवेदन दर्ता इच्छुक किसानले पशु सेवा शाखामा आवेदन दिनुपर्नेछ।

ग) स्थलगत अनुगमन प्राविधिक टोलीले किसानको फार्म र पशुको संख्याको वस्तुस्थितिको अनुगमन गर्नेछ।

घ) कृषक छनौट प्राथमिकताको आधारमा (विपन्न वा धेरै दूध उत्पादन गर्ने व्यवसायिक कृषक र कम्तिमा गाई/भैंसी २ वटा भएको दुध कुनै संस्थामा बिक्रि वितरण गरेको) लाभग्राही छनौट गरिनेछ।

ङ) सम्झौता र वितरण छनौट भएका किसानले ५० प्रतिशत लागत साझेदारीमा हुन आउने रकम पालिकाको बैङ्क खातामा जम्मा गरेको भौचर प्राप्त भएपश्चात सामग्री हस्तान्तरण गरिनेछ।

## परिच्छेद ४

## अनुगमन तथा मूल्याङ्कन

**६) मूल्याङ्कन समिति सम्वन्धी व्यवस्था :**

क) कार्यक्रम अनुसार प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा कार्यक्रम मूल्याङ्न समिति रहनेछ।

ख) मूल्याङ्कन समितिले तोकिएको मापदण्ड अनुसार छ/छैन भनी अनुगमन तथा मूल्याङ्कन गरि अनुदानग्राही छनौट तथा सिफारिसका आधारमा प्रमुख प्रशासकीय अधिकृतको सिफारिसमा गाउँपालिका अध्यक्षबाट स्वीकृत पश्चात वितरण गर्ने।

ग) सञ्चालित कार्यक्रमको अनुगमन गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत तथा सरोकारबाला पक्षले गर्नसक्नेछ।

अध्यक्ष

अध्यक्ष

## अनुसूची १
## सूचनाको ढाँचा

**प्रथम पटक प्रकाशित मिति : ......../......./...........**

यस माथागढी गाउँपालिकाको आ.व........... को स्वीकृत वार्षिक कार्यक्रम...............अनुसार निम्न लिखित कार्यक्रमहरु **दुग्ध सामग्री अनुदान कार्यक्रम कार्यविधि, २०८३** बमोजिम लागत साझेदारीमा कार्य गर्न ईच्छुक व्यवसायिक फर्म/कृषक/कृषक समुहले यो सुचना प्रकाशित भएको मितिले ............ दिनसम्म कार्यालय समय भित्र.......................मा निवेदन दर्ता गर्नु हुन आवहान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुने व्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल :

| क.स | कार्यक्रम | कार्यक्रम मापदण्ड | कार्यालयको अनुदान रकम/प्रतिशत | कृषकको लागत सहभागिता | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

अध्यक्ष

..............................
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २
निवेदनको ढाँचा

मितिः २०८३।  ।

श्री गाउँ कार्यपालिकाको कार्यालय
माथागढी गाउँपालिका
झडेवा, पाल्पा।

विषयः ५० प्रतिशत अनुदानमा मिल्क क्यान उपलब्ध गराई पाऊँ।

म/हामी यस माथागढी गाउँपालिकाको वडा नं. ........ को स्थायी बासिन्दा भई व्यावसायिक पशुपालन/दुग्ध उत्पादन कार्य गर्दै आएको छु/छौं। गाउँपालिकाले सूचना गरे बमोजिम ५०% अनुदानमा स्टेनलेस स्टिल (SS) मिल्क क्यान प्राप्त गर्न देहाय बमोजिमको विवरण खुलाई यो आवेदन पेश गरेको छु/छौं।

निवेदकः
नामः
ठेगानाः
फार्मको नामः
दस्तखत्:
मितिः
सम्पर्क नंः

**व्यवसायिक कार्ययोजना पेश गर्दा संलग्न हुनु पर्ने कागजातहरु**

१. अनुसूची २ बमोजिमको निवेदन फारम।
२. नेपाली नागरिकताको प्रतिलिपि।
३. सम्बन्धित वडा कार्यालयको सिफारिस।
४. फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि (फार्मको हकमा)।
५. समुह/सहकारीमा आवद्ध भएको भए सहकारीको प्रमाण पत्रको प्रतिलिपि।
६. अनुसूची ३ बमोजिम कार्ययोजना ।

अनुसूची ३

कार्ययोजनाको ढाँचा

१. आवेदकको व्यक्तिगत विवरण:

- नाम/थर: ...........................................................................
- नागरिकता नं.: ............................ जारी जिल्ला: ...................
- बाबु/पतिको नाम: ...........................................................
- ठेगाना: माथागढी गाउँपालिका, वडा नं. ..........., टोल: .......................
- सम्पर्क मोबाइल नं.: ...........................................................

२. व्यवसायको विवरण:

- पालेका पशुको संख्या: गाई (..........) भैंसी (..........)
- दैनिक दूध उत्पादन (लिटर): ..............................................
- दूध बिक्री गर्ने समुह/सहकारीको नाम: ..........................................

३. माग गरिएको क्यानको विवरण:

- परिमाण (संख्या): ........... थान
- क्षमता (लिटर): (.......... लिटर कुन हो?) .................

आवेदकको दस्तखत: ............................

नाम: ..............................................

मिति: ..............................................

अध्यक्ष

अनुसूची ४

सम्झौताको ढाँचा

*सम्झौता पत्र*

अध्यक्ष

यस माथागढी गाउँपालिकाको आ.व.२०८२/०८३ को वार्षिक स्वीकृत दुग्ध सामग्री अनुदान कार्यक्रम संचालन गर्न मिति .................... को दिन श्री माथागढी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय झडेवा, पाल्पा (यस पछि प्रथम पक्ष भनिने) र श्री .......................................... (यस पछि दोस्रो पक्ष भनिने) विच देहायका सर्तहरूको अधीनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षीय सम्झौता सम्पन्न गरियो ।

तपसिल :

१. सामग्रीको नाम : स्टेनलेस स्टिल (SS) मिल्क क्यान

२. परिमाण : ...... थान ...... लि.

३. कूल लागत रकम : रु. ............................

४. पालिकाको अनुदान (५०%): रु. ............................

५. लाभग्राहीको लागत (५०%): रु. ............................

६. दोस्रो पक्षले आफ्नो हिस्सामा पर्ने ५० प्रतिशत रकम गाउँपालिकाले तोकेको बैंक खातामा जम्मा गरी सोको भौचर पेश गर्नुपर्नेछ।

७. भौचर प्राप्त भएपछि मात्र पहिलो पक्षले सामग्री हस्तान्तरण गर्नेछ।

८. प्राप्त मिल्क क्यान अनिवार्य रूपमा दूध संकलन र ढुवानी प्रयोजनका लागि मात्र प्रयोग गर्नुपर्नेछ।

९. यो क्यान कसैलाई पनि बिक्री गर्न, दान दिन वा धितो राख्न पाइने छैन।

१०.क्यानको मर्मत सम्भार र सरसफाइको जिम्मेवारी स्वयम् लाभग्राहीको हुनेछ।

११.पालिकाको प्राविधिक टोलीले जुनसुकै समयमा पनि स्थलगत अनुगमन गर्न सक्नेछ र सो कार्यमा सहयोग गर्नुपर्नेछ।

१२.सम्झौताका सर्तहरू पालना नगरेमा गाउँपालिकाले जुनसुकै बेला सामग्री फिर्ता लिन वा अनुदान रकम असुल उपर गर्न सक्नेछ।

१३.यस सम्झौता र कार्यक्रम सञ्चालन सम्वन्धमा गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ

१४.अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

| दोस्रो पक्षको तर्फबाट | रोहवर | प्रथम पक्षको तर्फबाट |
|---|---|---|
| नाम: | नाम: | नाम: |
| पद: | पद: | पद: |
| दस्तखत: | दस्तखत: | दस्तखत: |
| मिति: | | मिति: |
| छाप: | | |

इति सम्वत्................साल...........महिना......गते रोज.......शुभम् ।



अध्यक्ष

अनुसूची ५

## दोहोरो अनुदान नलिएको स्वः घोषणा

श्री कार्यालय प्रमुख ज्यू

.......................................

....................................... ।

............................................................ को आर्थिक वर्ष २०८२।२०८३ स्वीकृत कार्यक्रम अनुसार नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिने रकम/सामाग्री/उपकरण/अन्य बस्तु लिन ईच्छुक रहेकोले दोहोरो पर्ने गरी नेपाल सरकार/प्रदेश सरकार/स्थानीय तह/अन्य निकायबाट प्रदान गरिएको रकम/सामाग्री/उपकरण/अन्य बस्तु मैले/हामिले/मेरो/हाम्रो एकाघरको परिवारले नलिएको घोषणा गर्दछु । यदि मैले लिएको प्रमाणित भएको मेरो वा हाम्रो वा संस्था वा समुह वा सहकारी वा कम्पनीको सम्पतिबाट नियमानुसार व्याक्तिगत/संस्थागत असुल उपर सरह असुल भएमा मेरो/हाम्रो कुनै दावी रहने छैन ।

हस्ताक्षर :
नाम थर :
ठेगाना :
सम्पर्क नं. :

प्रमाणीकरण गर्ने :
यम बहादुर चिदी गा.पा. अध्यक्ष
अध्यक्ष

प्रमाणीकरण मितिः २०८३।०१।१०